# तरकारी खेतीले फेरिँदै जीवनशैली

ढोरपाटन (बागलुङ) । बसाइँसराइले हरेक वर्ष गाउँका घर रित्तिँदै छन् । खेतीयोग्य जमिन वनमाराले ढाक्दै छ । गाउँमा बस्नेहरू कोही पनि खाली बस्दैनन् । उनीहरू बिहानदेखि साँझसम्म बारीमै काम गर्छन् । अधिकांश स्थानीयले बारीमा साग, मुला, बन्दा, गोलभेंडालगायत विभिन्न प्रजातिका तरकारी फलाउँछन् । कोहीले उत्पादन गर्छन् । यही बेचेरै आफ्नो परिवार चलाउँछन् । बागलुङको काठेखोला गाउँपालिका-८, लेखानी जिल्ला सदरमुकाम बागलुङ बजार नजिकैको गाउँ हो । विकासका हिसाबले लेखानी गाउँ सुगम नै मानिए पनि धेरैको रोजाइ शहरबजार र विदेश परेको छ । तर गाउँमा बस्नेलाई आफ्नै खेतबारी र खेतीपाती प्यारो छ । यस गाउँका झन्डै १०० परिवार तरकारी खेतीमा आबद्ध छन् । बजार नजिक र तरकारी खेतीका लागि उपयुक्त वातावरण भएको हुँदा किसानको आकर्षण उत्तिकै छ । धान, गहुँ, मकै र कोदो उत्पादन गर्न धेरै जनशक्ति चाहिने र खर्च पनि बढी हुने हुँदा पछिल्लो समय अधिकांश स्थानीय तरकारी खेतीमा आबद्ध भएका हुन् ।

तरकारी खेतीबाट राम्रो आम्दानी हुने हुँदा लेखानीवासीले गर्दै आएको कर्म छिमेकी गाउँलेले पनि सिको गर्न थालेका छन् । पहिले बन्दा र काउली बजारबाट किनेर लैजाने स्थानीय अहिले हजारौं किलो तरकारी बजार पठाउँछन् । व्यावसायिक तरकारी खेतीबाट राम्रो आम्दानी हुन थालेपछि स्थानीयको जीवनस्तर सुधिँदै गएको स्थानीय लीलाधर कँडेलले बताए । गाउँमै तरकारी खेती गरेर सहज रूपमा परिवार पाल्न सकिँदासकिँदै पनि धेरैले शहर रोज्ने गरेको उनी बताउँछन् ।

'गाउँमा सुन फलाउन सकिन्छ, तर गाउँका मान्छे कोही जापान, कोही कोरिया, कोही अमेरिका, कोही चितवन, पोखरा, काठमाडौं गए । गाउँमा भएकाले खेती किसानी गर्न थालियो, शुरूमा त आफू जान नपाएकामा निराश लाग्थ्यो, अहिले यहीं खुशी लाग्छ,' उनी भन्छन् । 'तरकारीले त गाउँका धेरैलाई खुशी दिएको छ, तरकारी खेती गरेका कोही पनि भोकै बस्नुपरेको छैन, राम्रै खान पाएका छन्, राम्रै लाउन पाएका छन् ।' *रासस*

**बाँकी पृष्ठ १ बाट ...**

**नेपाली प्रयोगशालामा ...**

नेपालले यसअघि विदेशी मुलुकमा खाद्यवस्तु निर्यात गर्नुपरेमा भारतकै प्रयोगशालामा परीक्षण गराउनुपर्ने बाध्यता थियो । तर, अहिले नेपालको आफ्नै प्रयोगशालामा परीक्षण भएका वस्तु निर्यात हुने गरेका छन् । यस स्तरको प्रत्यायन प्रमाणपत्र प्राप्त गरेको सरकारी खाद्य प्रयोगशाला नेपालको सबैभन्दा धेरै एक्रिडिटेशन क्षेत्र भएको खाद्य प्रयोगशालाका रूपमा रहेको छ । विभागको राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशाला (एनएफएफआरएल) को अन्तरराष्ट्रिय मान्यता प्राप्तिले खाद्य तथा कृषिजन्य वस्तु निर्यातमा थप सहजीकरण तथा प्रवर्द्धन हुने विश्वास विभागले लिएको छ ।

**कुनकुन वस्तुको स्वदेशी परीक्षणलाई अन्तरराष्ट्रिय मान्यता ?**

स्वदेशी प्रयोगशालामा परीक्षण गराएर निर्यात गर्न पाउने वस्तुहरूमा दूध तथा डेरीजन्य उत्पादन, खानयोग्य घ्यू, चिल्लो र तेल, वनस्पति तथा वनस्पतिजन्य उत्पादन, फलफूल तथा फलफूलजन्य पदार्थ छन् ।

जडीबुटी, मसला र चटनी, खानयोग्य नुन, मह तथा महबाट बनेका वस्तु, चिनी तथा चिनीजन्य उत्पादन, अनाज, दाल तथा अनाजजन्य उत्पादन, बेकरी तथा कनफेक्शनरी सामान, नवजात शिशुका खानेकुरा, चिया तथा चियाजन्य उत्पादन, कफी तथा कफीजन्य उत्पादन, मासु तथा मासुजन्य वस्तु छन् ।

मदिराजन्य तथा अमदिराजन्य पेय पदार्थ, ग्लुटेन तथा अन्य गम (जस्तै बबल गम, चुइङ-गम) सहितका अन्य वस्तु, पानी, नट्स (बदामलगायत) तथा नट्सबाट बनेका पदार्थ, फलफूल तथा तरकारी, पोषणयुक्त खाद्यपदार्थ, न्युट्रास्युटिकल तथा स्वास्थ्यलाई अतिरिक्त लाभ दिने खाद्यवस्तु र पशुका खानेकुरा समावेश छन् ।

यद्यपि, तेल घिउ र चियाजन्य वस्तु भने अझै निर्यातको काम शुरू नभएको र यसका लागि प्रक्रिया शुरू भएको वैद्यले बताइन् ।

**७७.५१ प्रतिशतले ...**

निर्यात वृद्धिमा भटमासको तेल, पाम तेल, कार्पेट, फेल्ट, अलैंची, ज'स जस्ता वस्त'कै योगदान बढी देखिएको छ । साउनदेखि कात्तिकसम्ममा नेपालले ३८ अर्ब ४३ करोड रुपैयाँको भटमासको तेल निर्यात गरेको छ । सोही अवधिमा ३० अर्ब ८७ करोड रुपैयाँ बराबरको भटमासको कच्चा तेल आयात भएको छ । नेपालबाट यो ४ महीनामा २ अर्ब ६ करोडको पाम तेल र २ अर्ब ७३ करोड रुपैयाँ बराबरको सूर्यम'खी तेल निर्यात भएको छ ।

सोही अवधिमा नेपालले १ अर्ब ५४ करोड रुपैयाँ बराबरको मिक्स्ड ज'स निर्यात गरेको छ । यस्तै १ अर्ब १० करोड रुपैयाँको प्लाइउड निर्यात भएको तथ्यांक छ । सिमेन्ट/क्लिंकरको निर्यात घटेको छ । चालू आवको ४ महीनामा १६ अर्ब १५ करोड १८ लाख रुपैयाँ बराबरको स्मार्टफोन आयात भएको छ । ९ लाख ४३ हजार ८२६ थान स्मार्टफोन आयात गर्दा नेपालबाट उक्त रकम बाहिरिएको हो । यो रकम र परिमाण गत आवको पहिलो ४ महीनाको भन्दा बढी हो । गत आवको साउन-कात्तिकमा ८ लाख २७ हजार ९२५ थान स्मार्टफोन आयातका लागि १३ अर्ब ४० करोड ४८ लाख रुपैयाँ बाहिरिएको थियो ।

विभागका अन'सार चालू आवको पहिलो ४ महीनामा नेपालमा चारपांग्रे विद्य'तीय सवारीसाधन (ईभी)को आयात गत आवको सोही अवधिको त'लनामा घटेको छ । गत साउनदेखि कात्तिकसम्ममा ३ हजार २०३ ओटा ईभी आयात भएको छ । गतवर्ष उक्त अवधिमा ३ हजार ४८७ ओटा ईभी भित्रिएका थिए । बाढी पहिरोबाट चीनसँगको म'ख्य द'ई नाका रस'वागढी र तातोपानीमा यातायात अवरुद्ध भएकाले ईभी आयातमा कमी आएको हो ।

**निकुञ्ज क्षेत्रमा ...**

उनका अनुसार अदालतको निर्णयले निकुञ्ज क्षेत्रमा जलविद्युत् परियोजनाहरू निर्माण गर्न नपाइने भन्ने 'त्रुटिपूर्ण' धारणा हटाएको छ । 'यसअघि मन्त्रालयमा रोकिएका, प्रक्रिया अघि नबढेका र अनिश्चिततामा रहेका योजनाहरू पनि अब अघि बढ्न सक्ने वातावरण देखिन्छ,' उनले भने । कार्कीका अनुसार जलविद्युत् उत्पादन स्वयं संरक्षणअनुकूल माध्यम भएको र जिम्मेवार विकासका लागि आवश्यक पर्ने पूर्वाधारहरू शर्तसहित निर्माण गर्न पाउनुपर्नेमा अहिले आएको न्यायालयको निर्णय महत्त्वपूर्ण मोड बनेको छ । 'निकुञ्ज क्षेत्रमा पर्ने जलविद्युत् आयोजनाहरूलाई अब बाटो खुलेको जस्तो छ,' उनले टिप्पणी गरे । उनले प्रसारण लाइनका विषयमा पनि यस निर्णयले समान प्रभाव पार्ने सम्भावना रहेको उल्लेख गर्दै जलविद्युत् मात्र होइन, त्यससँग सम्बद्ध ट्रान्समिशन लाइनजस्ता पूर्वाधारका लागि पनि यसले सकारात्मक संकेत दिएको बताए । कार्कीले यसलाई जलविद्युत् क्षेत्रका लागि सकारात्मक कदमका रूपमा व्याख्या गर्दै थपे, 'यो निर्णयले जिम्मेवार तरीकाले वातावरण संरक्षण गर्दै ऊर्जाक्षेत्रका परियोजना अगाडि बढाउन प्रोत्साहन दिनेछ ।'

यसले निकुञ्ज क्षेत्रमा परेका अन्य जलविद्युत् तथा पूर्वाधार परियोजनाका लागि पनि बाटो खुल्ने संकेत मिलेको उनको भनाइ छ ।

# क्षतिग्रस्त बिपी राजमार्गको स्थायी पुन:निर्माण शुरू

काभ्रेपलाञ्चोक।पटकपटकको बाढीपहिरोले क्षतिग्रस्त बिपी राजमार्ग स्थायी रूपमा निर्माण शुरू गरिएको छ । पूर्वी तथा मध्यपहाडी क्षेत्रलाई संघीय राजधानी काठमाडौंसँग जोड्ने छोटो यो राजमार्गको क्षतिग्रस्त सडक खण्डको तीन स्थानबाट स्थायी पुन:निर्माण थालिएको डिभिजन सडक कार्यालय भक्तपुरले जनाएको छ । गतवर्ष असोज दोस्रो साता तथा यस वर्षको असोज तेस्रो साताको बाढीपहिराले उक्त राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोक र सिन्धुली खण्डको करीब ३० किलोमिटर सडकमा क्षति पुऱ्याएको थियो । बाढीपहिरोले सडकका विभिन्न खण्ड बगाएपछि गतसालदेखि अस्थायी सञ्चालनमा ल्याइएको क्षतिग्रस्त राजमार्ग स्थायी रूपमा निर्माण शुरू गरिएको कार्यालयले जनाएको हो ।

**ठेक्का लागेका तीन मुख्य खण्डको निर्माण कार्य आगामी दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको कार्यालयले जनाएको छ ।**

क्षतिग्रस्त सडक खण्डमध्ये तीन खण्डको स्थायी पुन:निर्माणका लागि ठेक्का सम्झौता भई काम अघि बढाइएको कार्यालयका प्रमुख डिभिजनल इन्जिनियर सुमन योगेशले जानकारी दिए । उनका अनुसार काभ्रेपलाञ्चोकतर्फको क्षतिग्रस्त तीन खण्डको चौकीडाँडा, मंगलटार, नार्के गिम्दीलगायत क्षेत्रबाट स्थायी निर्माण कार्य शुरू गरिएको हो ।

ठेक्का लागेका तीन मुख्य खण्डको निर्माण कार्य आगामी दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको कार्यालयले जनाएको छ । अबको पुन:निर्माणमा राजमार्गको स्तरोन्नति गर्दै दुई लेनको सडक निर्माण गरिने योगेशको भनाइ छ । 'पुन:निर्माण हुने खण्डमा दुई लेनको सडक बन्नेछ, यसभित्र रहेका पुलसँगै अर्को पुल निर्माण गरेर पुललाई समेत दुई लेनको बनाइनेछ,' योगेशले भने । उनका अनुसार पाँच पुललाई दुई लेनमा परिणत गर्न अध्ययन भइरहेको छ । डालाबेसीदेखि चारसयबेसीसम्म ८ दशमलव ५ किलोमिटर सडक पुन:निर्माणका लागि खानी-एवन-कमलजीत जेभीले १ अर्ब ४२ करोड ३७ लाख (भ्याटसहित) रुपैयाँमा ठेक्का पाएको कार्यालयले जनाएको छ ।

यस्तै, चारसयबेसीदेखि भकुन्डेबेसीसम्मको ११ दशमलव शून्य ८ किलोमिटर पुन:निर्माणका लागि लामा-नवकान्तिपुर जेभीलाई १ अर्ब ३३ करोड ५३ लाख रुपैयाँमा ठेक्का दिइएको हो । नेपालथोकदेखि बर्खेखोलासम्म ४ दशमलव ९० किलोमिटर सडक पुन:निर्माणका लागि ६१ करोड (भ्याटसहित) रुपैयाँमा निर्माण गर्ने गरी खरिढुंगा-घिसिङ-क्षितिज जेभीसँग ठेक्का सम्झौता गरिएको जनाइएको छ ।

क्षतिग्रस्त कुल २९ दशमलव ५ किलोमिटर सडकमध्ये बर्खेखोलादेखि पिप्लेसम्मको ३ दशमलव ३ किलोमिटर जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)ले निर्माण गरिदिने भएको छ । उक्त लम्बाइको क्षतिग्रस्त सडकको ठेक्का प्रक्रियाको काम भइरहेको योगेशले जानकारी दिए । उनका अनुसार यस खण्डको पुन:निर्माणका लागि जापानले २ अर्ब ६३ करोड रुपैयाँ बराबर अनुदान उपलब्ध गराउने समझदारीपत्रमा हस्ताक्षर भइसकेको छ । कार्यालयले जाइकाले निर्माण गर्ने बाहेकका अन्य सडक खण्डमा सरकारले गत असोजअघि नै ठेक्का लगाइसकेको जनाएको छ ।

कार्यालयले क्षतिग्रस्त सडकको स्थायी पुन:निर्माणका लागि दुई वर्षभित्र सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरेको योगेशले बताए । 'निर्धारित समयमै काम सम्पन्न गर्ने गरी मङ्सिरको शुरूदेखि नै स्याथी पुन:निर्माण थालिएको हो,' उनले भने । क्षतिग्रस्त खण्ड पुन:निर्माणका लागि सरकारले ८ अर्ब ५० करोड रुपैयाँको स्रोत सहमति दिइसकेको छ । त्यसमध्ये काभ्रेपलाञ्चोकतर्फका तीन खण्डलाई ७ अर्ब ५० करोड र सिन्धुलीको एक खण्डलाई १ अर्ब रुपैयाँको स्रोत सहमति दिइएको हो । *रासस*

# महालक्ष्मी विकास बैंकका ग्राहकलाई छूट

काठमाडौं (अस) । महालक्ष्मी विकास बैंकका ग्राहकले 'अरेबिका कफी र क्याफियोफिलिया कफी' भैंसेपाटीमा छूट पाउने भएका छन् । दुई संस्थाबीच विशेष छूट प्रदान गर्ने गरी सम्झौता भएको हो । सम्झौताअन्तर्गत बैंकका डेबिट कार्ड, क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोग गर्ने ग्राहकले अरेबिका कफीका विभिन्न फ्रेन्चाइज दरबारमार्ग, बौद्ध, बानेश्वर, राधेराधे भक्तपुर, यूएन पार्क ललितपुर, मानभवन, कालीमाटी, बूढानिलकण्ठ र भैंसेपाटी ललितपुरले प्रदान गर्ने सेवामा १५ प्रतिशतसम्म छूट प्राप्त गर्न सक्नेछन् । कफी तथा तातो पेय पदार्थमा १० प्रतिशत र इटालियन खानामा १५ प्रतिशतसम्म छूट पाइनेछ ।

त्यसै गरी बैंकका ग्राहकले क्याफियोफिलिया भैंसेपाटीले प्रदान गर्ने बेकरी आइटम बाहेकका सेवामा १० प्रतिशतसम्म छूट प्राप्त गर्न सक्नेछन् । यस किसिमको सहकार्यबाट बैंकका डेबिट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोग गर्ने ग्राहक प्रत्यक्ष रूपमा लाभान्वित हुने विश्वास बैंकको छ ।



## कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, भैरहवा शाखाको ३५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८२/०८/०८ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीहरूले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

तपसिलः

| |
|---|
| **ऋणीहरूको नाम, थर र ठेगाना :** |
| असर्फी बरैको नाती, गुन्नु बरैको छोरा, रुपन्देही जिल्ला, चिलिया बनगाई गा.वि.स वार्ड नं. ०८ बस्ने **गंगाराम बरै -१** र गुन्नु बरैको नाती, गंगाराम बरैको छोरा, रुपन्देही जिल्ला, हा. वनगाई गा.वि.स वार्ड नं. ०८ बस्ने **पशुपती बरई -१ समेत जना २** |
| **व्यक्तिगत जमानतकर्ताहरूको विवरण :** |
| १. गुन्नु बरैको नाती, गंगाराम बरैको छोरा, रुपन्देही जिल्ला, हाटि वनगाई उ.म.न.पा./गा.वि.स वार्ड नं. ०८ बस्ने **सभापति बरई** । |
| २. गुन्नु बरैको बुहारी, गंगाराम बरैको श्रीमती, रुपन्देही जिल्ला, हाटि वनगाई गा.वि.स वार्ड नं. ०८ बस्ने **झिनकी बरइन** । |
| ३. गुन्नु बरैको नाती, गंगाराम बरैको छोरा, रुपन्देही जिल्ला, मायादेवी गाउँपालिका वार्ड नं. ०७ बस्ने **रमापति बरई** । |
| ४. प्रभुदयाल बरईको छोरी, पशुपती बरईको श्रीमती, रुपन्देही जिल्ला, मायादेवी गाउँपालिका वार्ड नं. ०७ बस्ने **माया कुमारी बरई** । |
| ५. गंगाराम बरैको बुहारी, सभापति बरईको श्रीमती, रुपन्देही जिल्ला, मायादेवी गाउँपालिका वार्ड नं. ०७ बस्ने **नेहा चौरसीया** । |
| ६. गुन्नु बरैको नाती, गंगाराम बरैको छोरा, रुपन्देही जिल्ला, मायादेवी गाउँपालिका वार्ड नं. ०७ बस्ने **विश्वपति बरई** । |
| **धितो सुरक्षणको विवरण :** |
| **गंगाराम बरै**को नाममा मालपोत कार्यालय रूपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रूपन्देही जिल्ला बर्सौली नगरपालिका/गा.वि.स. वडा नं. ७ (नक्सा सिट नं. ७क) को कित्ता नं. २७९ को क्षेत्रफल ०-६-१५-० (वि.क.धु) रहेको जग्गा र जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

सानिमा बैंक www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४४२८९६९, ईमेलः sanima@sanimabank.com








स्थानीय सरकार

## मायादेवी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

बरेवा, रुपन्देही

## सेवा करारमा सूचना प्रविधि अधिकृत (IT Officer) पदपूर्ति सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/०८/०८ गते**

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) अन्तर्गत यस कार्यालयमा रिक्त रहेको सूचना प्रविधि अधिकृत (IT Officer) पदमा सेवा करारमा खुला प्रतिस्पर्धाबाट पदपूर्ति गर्नु पर्ने भएकोले तपिसल अनुसार योग्यता पुगेका इच्छुक नेपाली नागररकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र माग भए बमोजिमका कागजातसिहत दरखास्त पेश गुर्नहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपिसल**:

१. विज्ञापन नं. : ०१-२०८२/८३
२. पद : सूचना प्रविधि अधिकृत (IT Officer)
३. तह : स्थानीय सेवाको अधिकृतस्तर सातौ सरह
४. आवश्यक माग संख्या : १ (एक)
५. योग्यता : लोक सेवा आयोगले लिने "कम्प्युटर अधिकृत पदको न्युनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information & Communication Technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSC. IT, BSc. CSIT) गरेको उपाधिलाई आधार मानिनेछ ।
६. आवश्यक कागजात : व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाण पत्र, शैक्षिक योग्यताको प्रमाण पत्रहरु नेपाल बाहिर बाट शिक्षा हासिल गरेकाहरुको हकमा सो प्रमाण पत्रहरुको नेपालको विश्वविद्यालयबाट Equivalence गरिएको प्रमाण पत्र, कार्य अनुभव भए कार्य अनुभवका प्रमाण पत्रहरु तथा अन्य कागजातहरु ।
७. कार्यशर्त विवरण (TOR) : प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) ले निधार्रण गरेको कार्यविवरण बमोजिम ।
८. उमेरहद : २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको (पुरुषको हकमा), २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको (मिहलाको हकमा) ।
९. परिक्षाको किसिम : लिखित, प्रयोगात्मक र अन्तरवार्ता ।
१०. परिक्षा मिति : अर्को सूचना मार्फत पिछ प्रकाशन गरिनेछ ।
११. आवेदन शुल्क : रु. १,०००।०० (अक्षेरुपि एक हजार मात्र) ।
१२. करार अविध : २०८३ असार मसान्तसम्म ।
१३. तलब स्केल : नियमानुसार ।

थप जानकारीका लागि सम्पर्क नं. : ९८५७०१६९३९/९८६४५६६०६०

ईमेलः mayadeviruralmun@gmail.com

सूचनामा उल्लेखित भए बाहेकका अन्य कुराहरु प्रमुख प्रशासकीय अिधकृतको संयोजकत्वमा रहेको उम्मेदवार छनौट तथा सिफारिस सिमितले निर्धारण गरे बमोजिम हुनेछ ।

**नोट**: दरखास्त फाराम पाठ्यक्रम तथा अन्य जानकारी कार्यालयको वेभसाईट https://mayadevimunrupandehi.gov.np तथा गाउँपालिका कार्यालयबाट प्राप्त गर्न सिकिनेछ ।

**नि. प्रमुख प्रशासकीय अधिकृत**